महिला मानव अधिकार रक्षकहरुको प्रदेश संजाल , मधेश प्रदेश

"Province Alliance of Women Human Rights Defenders Madhesh Province "

(PAWHRD)

संयुक्त प्रेस विज्ञप्ती

न्यायको पक्षमा उभिएका महिला मानव अधिकार रक्षक तथा ओरेकका कर्मचारी माथि भएको निर्घात आक्रमणको घोर निन्दा तथा भर्त्सना गर्दछौं ।

धनुषा जिल्लाको मुखियापट्टी मुसहरनिया गाउँपालिकामा हिंसा प्रभावित महिलालाई न्याय प्राप्तिको प्रक्रियामा सहजीकरण गर्न प्रहरीसँगै घटनास्थल पुगेका महिला मानव अधिकार रक्षक तथा ओरेकका कर्मचारी माथि २०८३ मंसिर ६ गते भएको निर्घात कुटपिट, बलात्कारको प्रयास, लुटपाट तथा ज्यान मार्ने धम्कीको घटनाप्रति मधेश प्रदेशका महिला मानव अधिकार रक्षक तथा मानव अधिकार रक्षकहरूको गम्भीर ध्यानाकर्षण भएको छ । हामी यस अमानवीय, बर्बर र आपराधिक घटनाको घोर निन्दा तथा भर्त्सना गर्दछौं।

अन्तरजातीय प्रेम सम्बन्धका कारण परिवार तथा समाजबाट विभेद र हिंसा भोग्न बाध्य एक महिलालाई न्याय दिलाउने प्रक्रियामा सहजीकरण गर्ने क्रममा प्रहरीको अनुरोध र समन्वयमा घटनास्थल पुगेका अधिकारकर्मी तथा कर्मचारीमाथि करिब १५० जनाको समूहले धारिलो हतियार देखाउँदै आक्रमण गर्नु, कपडा च्यात्नु, गरगहना लुटपाट गर्नु र ज्यान मार्ने धम्की दिनुले राज्यको सुरक्षा संयन्त्रमाथि गम्भीर प्रश्न खडा गरेको छ। प्रहरी चौकीभित्रै समेत पुनः हातपात हुनु र ओरेकका दुई जना कर्मचारी गम्भीर घाइते भई उपचाररत रहनुले घटनाको संवेदनशीलता अझ बढाएको छ।

यो घटना केही व्यक्तिमाथि भएको आक्रमण मात्र नभई महिला अधिकार, मानव अधिकार, न्यायमा पहुँच, नागरिक समाजको स्वतन्त्र भूमिका र विधिको शासनमाथिको प्रत्यक्ष प्रहार हो। न्यायका लागि आवाज उठाउने महिला मानव

अधिकार रक्षकहरू नै असुरक्षित हुने अवस्था सिर्जना हुनु लोकतान्त्रिक समाजका लागि गम्भीर चुनौती हो। यस्तो आक्रमणले अधिकारकर्मीहरूलाई त्रसित बनाउने, हिंसा प्रभावित महिलालाई न्यायबाट विमुख गराउने र दण्डहीनतालाई प्रश्रय दिने जोखिम बढाएको छ।

यस सन्दर्भमा हामी नेपाल सरकार, गृह मन्त्रालय, राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय महिला आयोग, प्रहरी प्रधान कार्यालय, मधेश प्रदेश सरकार तथा सम्बन्धित निकायसमक्ष निम्न माग गर्दछौं।

हाम्रा प्रमुख मागहरू:

१. घटनामा संलग्न आक्रमणकारी, योजनाकार तथा मतियारहरूको तत्काल निष्पक्ष अनुसन्धान गरी प्रचलित कानुनबमोजिम कडा कारवाही गरियोस् र कुनै पनि राजनीतिक वा सामाजिक दबाबमा उन्मुक्ति नदिइयोस ।

२. घाइते कर्मचारी तथा अधिकारकर्मीहरूको निःशुल्क उपचार, मनोसामाजिक सहयोग, सुरक्षा र लुटिएका गरगहना तथा सम्पत्तिको क्षतिपूर्तिको लागि पहल गरियोस् ।

३. न्यायको प्रक्रियामा रहेकी हिंसा प्रभावित महिला र उनको बच्चाको जीवन, सुरक्षा, गोपनीयता र मर्यादा सुनिश्चित गर्दै रोकिएको न्यायिक प्रक्रियालाई तत्काल अगाडि बढाइयोस ।

४. प्रहरीकै समन्वयमा पुगेका महिला मानव अधिकार रक्षकहरूको सुरक्षा हुन नसक्नु र प्रहरी चौकीभित्रै पुनः आक्रमण हुनुमा प्रहरी प्रशासनको भूमिकाबारे निष्पक्ष छानबिन गरियोस् ।

५. महिला तथा मानव अधिकार रक्षकहरूले धम्की, हिंसा र प्रतिशोधको भयरहित वातावरणमा आफ्नो जिम्मेवारी निर्वाह गर्न सक्ने सुरक्षित वातावरण सुनिश्चित गरियोस्।

६. हिंसा प्रभावित महिलाको व्यक्तिगत विवरण तथा संवेदनशील सूचनाको गोपनीयता कायम गर्दै सूचना चुहावट र दुरुपयोग तत्काल रोकियोस्।

७. घटनाको सुक्ष्म अनुसन्धान गरि न्यायको लागी आवश्यक पहल गरिदिनहुन राष्ट्रिय मानव अधिकार आयोग मधेश प्रदेश समक्ष अनुरोध गर्दछौं ।

८ मध्यश प्रदेश सरकार खेलकुद तथा समाज कल्याण मन्त्रालयसँग महिला मानव अधिकार रक्षकहरुको सुरक्षा निति निमार्ण र क्षमता अभिवृद्धि तालिमको लागी व्यवस्था गरियोस् ।

न्यायको पक्षमा उभिनु अपराध होइन, मानव अधिकार रक्षकलाई आक्रमण गर्नु दण्डनीय अपराध हो । महिला माथि हुने हिंसा, जातीय विभेद, दण्डहीनता र अधिकारकर्मी माथिको दमनविरुद्ध हाम्रो सामूहिक आवाज निरन्तर बुलन्द रहनेछ। राज्यले महिला / मानव अधिकार रक्षकहरुको सुरक्षा र न्यायको प्रत्याभूति गर्न नसक्ने अवस्थालाई कुनै पनि हालतमा स्वीकार गर्न सकिँदैन।

संयुक्त रुपमा एक्यवद्धता जनाउने महिला / मानव अधिकार रक्षकहरु

